मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन १२ गते मंगलबार ❑ 24 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## कास्कीमा मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, ११ फागुन

आसन्न फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा कास्कीमा चुनावको तयारीका कामलाईसमेत प्राथमिकताका साथ अघि बढाइएको छ । प्रदेश निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन लगायतका निकायहरुले चुनावलाई प्राथमिकतामा राखेर तयारीका कामलाई तीव्रता दिएका हुन् ।

प्रतिनिधिसभाका तीन निर्वाचन क्षेत्र रहेको जिल्लामा निर्वाचनका लागि दुई हजार १९० जना कर्मचारी खटाइने भएको छ। यसैगरी जिल्लामा मतपत्रसहित ५२ प्रकारका निर्वाचन सामग्री प्राप्त भएको र ती सामग्री छुट्टाएर राखिसकिएको प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो । त्यसैगरी कर्मचारी खटनपटन अन्तिम चरणमा पुगेको र तीन वटै क्षेत्रमा खटिने कर्मचारीको नामावली सार्वजनिक गरिएको न्यौपानेले जानकारी दिनुभयो ।"हामीले निर्वाचनको तयारीका कामलाई अन्तिम रुप दिदैंछौं । मतपत्र लगायतका सबै सामग्री प्राप्त भएका छन्, मतदानस्थलमा खटिने कर्मचारीको नामावली प्रकाशित गरिएको छ। सोमबारदेखि मतदान अधिकृत र सहायक मतदान अधिकृतको लागि तालिम सुरु हुन्छ ।" सूचना अधिकारी न्यौपानेले भन्नुभयो,"निर्वाचन कार्यालयले तीन समूहमा गरेर सो तालिम सञ्चालन हुने जनाएको छ ।"निर्वाचनका लागि कर्मचारी खटनपटन निर्देशिका अनुसार ५०० भन्दा कम मतदाता भएको मतदान केन्द्रमा पाँचजना कर्मचारी रहनेछन् । जसमा एक जना मतदान अधिकृत, एक जना सहायक मतदान अधिकृत, तीन जना सहायक कर्मचारी र एक जना सहयोगी कर्मचारी रहनेछन् ।

कास्कीमा १५३ मतदानस्थल र ३६३ मतदान केन्द्र रहेका छन् । यसैगरी दुई वटा अस्थायी मतदान केन्द्र गरी कूल ३६५ मतदान केन्द्रमा दुई हजार १९० कर्मचारी खटिनेछन् । यसैगरी मतदान अधिकृतले मतदान केन्द्रमा चुनावका दिनका लागि तीन जना स्वयंसेवक नियुक्त गर्न सक्ने व्यवस्था छ । निर्वाचन कार्यालयका अनुसार कारागारका कैदीबन्दीका लागि कारागारमा मतदान केन्द्र तोकिएको छ।

यसैगरी मतदानमा नखटिने कर्मचारीका लागि जिल्ला समन्वय समितिमा रहने मतदान केन्द्रमा कर्मचारीले समानुपातिकतर्फ मत दिनेछन् । जिल्लाका ७२ वटै वडामा फागुन ३ गतेदेखि मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको सूचना अधिकारी न्यौपानेले बताउनुभयो ।

"मत बदर हुन नदिनका लागि जिल्लामा प्रभावकारी रुपमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ । यो कार्य फागुन १७ गतेसम्म जारी रहन्छ । विगतका निर्वाचनलाई हेरेरयस पटक मत बदर हुन नदिनका लागि मतदाता शिक्षामा जोड दिएका छौं ।" न्यौपानेले भन्नुभयो । जिल्लामा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी ४९ जना उम्मेदवार मैदानमा छन । यसैगरी मतदाता सङ्ख्या तीन लाख आठ हजार ५७२ जना रहेको छ।

## अपाङ्गता भएका व्यक्तिहरुलाई पोखरामा मतदाता शिक्षा

पोखरापत्र संवाददाता
पोखरा, ११ फागुन



नेत्रहीन युवा संघ नेपालको आयोजना कास्की शाखाको समन्वयमा पोखरामा अपाङ्गता भएका व्यक्तिहरूका लागि एक दिने मतदाता शिक्षा तथा नमुना मतदान कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा सुस्त श्रवण, दृष्टिविहीन तथा शारीरिक रूपमा अपाङ्गता भएका व्यक्तिहरूको उत्साहजनक सहभागिता रहेको थियो । कार्यक्रममा निर्वाचन आयोगका महानगरपालिका मतदाता शिक्षा समन्वयकर्ता ईश्वरी पोखरेलले सहजीकरण गर्नुभएको थियो । उहाँले नमुना मतपत्रमार्फत स्वस्तिक छाप कसरी लगाउने, मत बदर हुन नदिन के-के कुरामा ध्यान दिनुपर्ने, सहायता लिएर कसरी मतदान गर्न सकिने लगायत विषयमा मैत्रीपूर्ण र पहुँचयुक्त ढंगले प्रशिक्षण दिनुभयो । संघका अध्यक्ष रामचन्द्र गैरेले १८ वर्ष पुगेका अपाङगता भएका व्यक्तिहरुलाईले आफ्नो मताधिकार प्रभावकारी रूपमा प्रयोग गर्न सकून् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । "मतदाता शिक्षा पहिलो प्राथमिकता हो," उहाँले भन्नुभयो, "घरदैलो कार्यक्रममार्फत सबै कुरा प्रष्ट नहुँदा मतदान प्रक्रियाबारे अन्योल रहने गरेको थियो । त्यसैले मत सदर होस् भन्ने उद्देश्यले यो तालिम आयोजना गरेका हौं ।"

तालिममा सहभागीहरूले आफूहरूलाई पहुँचयुक्त सूचना पर्याप्त रूपमा नपुगेको भए पनि निर्वाचनमा सहभागी हुन उत्साहित रहेको जनाउनु भएको थियो । विशेषगरी पहिलो पटक मतदान गर्न लागेका सहभागीहरूका लागि नमुना मतदान अभ्यास प्रभावकारी बनेको आयोजकको दाबी छ।

सहजकर्ता पोखरेलले अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान स्थलमा लाइनमा बस्न नपर्ने, सिधै मतदान अधिकृत, सहायक अधिकृत वा सुरक्षाकर्मीलाई जानकारी गराई प्राथमिकताका साथ मतदान गर्न पाउने कानुनी अधिकार रहेको जानकारी दिनुभयो। उहाँले आफ्नो अमूल्य मत स्वतन्त्र र निर्भीक रूपमा जाहेर गर्न आग्रह गर्दै आवश्यकता अनुसार सहायक व्यक्तिको सहयोगमा मतदान गर्न सकिने स्पष्ट पार्नुभयो। शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको मताधिकार सुरक्षित, निष्पक्ष र धाँधलीरहित बनाउन तालिम उपयोगी हुने विश्वास व्यक्त गर्दै पोखरेलले यसबाट सहभागीहरूको मत आफूले रोजेको उम्मेदवारसम्म पुग्ने सुनिश्चितता बढ्ने बताउनुभयो । कार्यक्रममा सहभागीहरूलाई नमुना मतदान गराई व्यवहारिक अभ्यास समेत गराइएको थियो।

तालिममा सहभागी दृष्टिविहीन निरोज परियारले नमुना मतदानपछि आफूहरू अब आत्मविश्वासका साथ मतदान गर्न सक्षम भएको बताउनुभयो । उहाँले यस्ता कार्यक्रमले अपाङगता भएका व्यक्तिहरुलाई लोकतान्त्रिक प्रक्रियामा सक्रिय सहभागिता जनाउन थप प्रेरित गर्ने धारणा राख्नुभयो । कार्यक्रमले अपाङगता भएका व्यक्तिहरुलाई सशक्त बनाउँदै समावेशी र पहुँचयुक्त निर्वाचन प्रक्रियातर्फ सकारात्मक सन्देश दिएको आयोजकले जनाएको छ।

## धादिङ बस दुर्घटना स्तब्ध छ पोखरा

पोखरापत्र संवाददाता
पोखरा, ११ फागुन

पर्यटकीय राजधानी पोखराबाट काठमाडौंका लागि छुटेको बस धादिङमा दुर्घटना हुँदा भएको ठूलो मानवीय क्षतिले पोखरावासी स्तब्ध बनेका छन् । पोखराबाट आइतबार साँझ ७:०० बजे छुटेको ग.२ख १४२१ नंको बस धादिङको बेनीघाट रोराङ गाउँपालिका-५ भैंसीगौडामा दुर्घटना हुँदा १९ जनाको मृत्यु भएको छभने २५ जना घाइते भएका छन् ।

दुई विदेशी पर्यटकसहित ४४ जना सवार उक्त बस दुर्घटनाको खबरपछि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसहित विशिष्ट ओहोदाका व्यक्ति तथा सर्वसाधारणले दुःख व्यक्त गरेका छन् । मुख्यमन्त्री पाण्डेले बस दुर्घटनाको खबरबाट आफू स्तब्ध भएको उल्लेख गर्दै घाइतेको उद्धार एवं उपचारमा कुनै कमी हुन नदिन तथा आवश्यक समन्वय र सहयोगका लागि अपिल गर्नुभएको छ।

पोखरा महानगरपालिकाका प्रमुख आचार्यले बस दुर्घटना ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्नुभएको छ । उहाँले दुर्घटनापछि उद्धारमा सक्रिय रहने तीन तहका सुरक्षा निकायलगायत स्थानीयवासीप्रति धन्यवाद व्यक्त गर्नुभएको छ।

पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले बस दुर्घटनाबाट पर्यटन क्षेत्रसहित सिङ्गो पोखरा स्तब्ध बनेको बताउनुभयो । "विदेशी पर्यटक पनि यो दुर्घटनामा परेको सुन्नमा आएको छ, यो सारै दुःखद छ, आगामी दिनमा यस्तो दुर्घटना दोहोरिन नदिन सबै पक्ष संवेदनशील हुनु जरुरी छ," उहाँले भन्नुभयो, "घटनाको सत्यतथ्य छानबिन पनि गर्नुपर्छ।" पोखराबाट ३४ यात्रुसहितको चलानी लिएर छुटेको बसमा बीच बाटोबाट थप यात्रु चढेको पाइएको पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रालिका अध्यक्ष ऐनकुमार साईले बताउनुभयो । अहिलेसम्म मृतक र घाइतेको विस्तृत विवरण प्राप्त भइनसकेको उहाँको भनाइ छ। दुर्घटनाको कारणबारे आफूहरू पनि अनभिज्ञ रहेको अध्यक्ष साईले बताउनुभयो । उक्त समितिअन्तर्गत सञ्चालनमा रहेको माछापच्छ्रे टुर्स एन्ड ट्राभल्सको उक्त बस आज बिहान साढे १:०० बजेतिर दुर्घटनामा परेको थियो । जिल्ला प्रहरी परिसर, काठमाडौंका अनुसार दुर्घटनामा परी घाइते भएकामध्ये २२ यात्रुलाई काठमाडौंको पुऱ्याइएको छ । जसमध्ये १२ घाइतेको राष्ट्रिय ट्रमा सेन्टर र १० जनाको नेसनल अस्पताल कलङ्कीमा उपचार भइरहेको छ। यसैगरी धादिङको बेनीघाट रोराङ गाउँपालिका-५, भैंसीगौडास्थित पृथ्वी लोकमार्गमा पोखराबाट काठमाडौंतर्फ आउँदै गरेको ग२ख १४२१ नम्बरको यात्रुवाहक बसको दुर्घटनाबारे छानबिन गर्न सरकारले कार्यदल गठन गरेको छ। सोमबार गृह मन्त्रालयले दुर्घटना छानबिनका लागि सहसचिवको नेतृत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको गृह प्रवक्ता आनन्द काफ्लेले जानकारी दिनुभयो । गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा गृहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रमुखहरू, यातायात विभागका महानिर्देशक, सडक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन।
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स- एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन।
- निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन।
- निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन।

नेपाल सरकार
विज्ञापन बोर्ड

## फेवातालको सिरान भागमा जलकुम्भी झार हटाउने अभियान सुरु

पोखरापत्र संवाददाता
पोखरा, ११ फागुन

पोखरा फेवातालको सिरान अर्थात् दलदली मुहान क्षेत्रबाट जलकुम्भी झार हटाउने अभियान सुरु गरिएको छ।

बर्खायाममा ताललाई कुरूप बनाउँदै तीव्र रूपमा फैलिने जलकुम्भीलाई मुहानमै पुगेर नियन्त्रण गर्ने उद्देश्यसहित फागुन ४ गतेदेखि अभियान थालिएको नागरिक समाज कास्कीका अगुवा बृहत सफाई पोखराका अभियान्ता रामबहादुर पौडेलले बताउनु भयो।

डिभिजन वन कार्यालय कास्कीको ३ लाख रुपैयाँ आर्थिक सहयोग, जलारी समुदायको समन्वय तथा नागरिक समाजको सहकार्यमा अभियान अघि बढाइएको उहाँले जनाउनु भयो । पौडेलका अनुसार बर्खायाममा जलकुम्भी अत्यधिक मौलाएर तालभरि फैलिने हुँदा त्यसलाई पछि हटाउन दशौं लाख रुपैयाँ खर्च हुने गरेको छ। "समस्या दिगो रूपमा समाधान गर्न हामीले यसको मुहानमै पुगेर अहिले सफाइ सुरु गरेका हौं," उहाँले भन्नुभयो, "हिउँदमा निकालिएको जलकुम्भी सजिलै सुक्ने भएकाले व्यवस्थापन पनि सहज हुन्छ ।" अभियान अन्तर्गत हाल दैनिक २२ जना जलारी समुदायका सदस्य परिचालन गरिएको छ भने दुई जना थप गरी जम्मा २४ जनाले काम गरिरहेका छन् । उनीहरूलाई दैनिक ४ घण्टा (बिहान ९:३० बजेदेखि) काममा लगाइने र प्रतिव्यक्ति ६०४ रुपैयाँका दरले सेवाशुल्क प्रदान गरिनेछ । दैनिक करिब १४ हजार रुपैयाँ खर्च हुने गरी काम अगाडि बढिरहेको जनाइएको छ । पोखरा-१८ ढल्केबर, माछा पोखरी क्षेत्रलाई जलकुम्भी फैलिने मुख्य केन्द्र

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सहारा यूके/हङकङ/अष्ट्रेलिया सहितका संस्थाले खेलकुदको विकासमा सहकार्य गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

प्रतिष्ठित क्लवहरु सहारा यूके/सहारा हङकङ/सहारा अष्ट्रेलिया, तमु धि यूके सहितका संघ संस्थाका पदाधिकारीहरुले पोखराको खेलकुदको विकासमा सहकार्य गर्ने बताउनु भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले शनिबार पोखरामा आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा विभिन्न संघ संस्थाका पदाधिकारीहरुले मञ्चले आयोजना गर्ने पोखरा स्पोर्ट्स अवार्डलाई सफल पार्न आवश्यक सहयोग गर्ने वचन समेत दिनु भएको हो।

"स्वास्थ्य र समृद्धिका लागि खेलकुद" भन्ने मूल नारासहित स्थापित मञ्च गण्डकीले हरेक बर्ष वैशाख तेश्रो साता आयोजना गर्ने पोखरा स्पोर्ट्स अवार्ड मार्फत खेलाडी, प्रशिक्षक, खेल संघ सस्था सहितका ७ विधामा सम्मान गर्ने उक्त अवार्डलाई आफुहरु विदेशमा रहेर पनि विगतका बर्षदेखि प्रदान गर्दै आएको



सहयोग यस बर्ष पनि निरन्तरा दिने भएको सहारा यूकेका अध्यक्ष शारदा गुरुङले बताउनु भयो।

शनिबार पोखरामा आयोजित कार्यक्रममा जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङ र मञ्चका अध्यक्ष एमबी आस्था मगरले खादा र सम्मानपत्रले स्वागत तथा सम्मान गर्नुभएको हो। सो अवसरमा बोल्दै खेलकुद विकास समितिका अध्यक्ष गुरुङले खेलकुद विकासमा सहारा युकेले पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो। उहाँले आगामी दिनमा पनि खेलको विकासमा सँगै हातेमालो गरेर अघि बढ्ने भनाइ राख्नुभयो। कार्यक्रममा तमु धीँ यू.के.का उपाध्यक्ष कमल गुरुङले नेपाली खेलाडीहरूलाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाउँदै खेलाडीहरू असहज नहोस् भन्ने उद्देश्यले सहकार्यलाई थप मजबुत बनाइने बताउनुभयो। उहाँले युकेमा बसोबासदेखि लिएर खेलाडीहरूलाई घुमाउने गरेको स्मरण गर्दै विगतका समयमा पनि तमु धिं युकेले मञ्चले आयोजना गर्दै आएको पोखरा स्पोर्टस् अवार्डलाई सहयोग गर्दै आएको र आगामी दिनमा पनि सहयोग गर्ने विश्वास दिलाउनुभयो। उहाँले नेपाली खेलाडीलाई खेल्ने अवसर सिर्जना गर्न हातेमालो गर्दै अघि बढ्ने वातावरण तयार गरिने उल्लेख गर्नुभयो। सहारा युकेका अध्यक्ष शारदा गुरुङ, सहारा अष्ट्रेलियाका अध्यक्ष सिद्धार्थ पौडेल, सहारा युकेका उपाध्यक्ष पिताम्बर गुरुङ, सहारा हङकङका संस्थापक अध्यक्ष दीपक गुरुङ लगायतले खेलकुद क्षेत्रको समग्र विकासका लागि सहकार्य र सहयोगलाई अझ सशक्त बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। नेपाल खेलकुद पत्रकार मञ्च, गण्डकीका अध्यक्ष एमबी आस्था मगरको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा महासचिव परशुराम शर्माले पनि बोल्नुभएको थियो। सहारा क्लव पोखराका मानार्थ सदस्य तथा सहारा युकेका संस्थापक सल्लाहकार महेश गुरुङले यस्तो कार्यक्रमले स्वदेश तथा विदेशमा रहेका नेपालीहरु बिच भावनात्मक सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो। साथै टोलीले खेलकुद र सामाजिक क्षेत्रमा विभिन्न सहयोग गर्दै आएको उहाँले बताउनु भयो।

# पोखरामा फागुन १५ मा काँग्रेसको चुनावी सभा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

नेपाली काँग्रेसले फागुन १५ गते शुक्रबार पोखराको अमर सिंह चौरमा चुनावी सभा गर्ने भएको छ।

नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालको अध्यक्षतामा बसेको बैठकले सभाको तयारी अघि बढाउने निर्णय गर्दै चुनावी सभा व्यवस्थापन समिति गठन गरेको सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो। सभालाई नेपाली काँग्रेसका सभापति गगन थापा र उपसभापति विश्व प्रकाश शर्माले सम्बोधन गर्नुहुने छ।

नेपाली काँग्रेसका महासमिति सदस्य दीपक गुरुङ माइलाको संयोजकत्वमा गठित समितिको सदस्यहरुमा माया बराल क्षेत्री, दुर्गा लामिछाने, मदन बस्नेत, पुजन थकाली, विजय गुरुङ र मेख तामाङ रहनु भएको छ। प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि कास्कीका तीन निर्वाचन क्षेत्र मध्य क्षेत्र नं १ मा तिलक रानाभाट, क्षेत्र नं २ मा माधव प्रसाद बास्तोला मधु र क्षेत्र नं ३ मा मनोज गुरुङ र समानुपातिक तर्फ आई बहादुर गुरुङ उम्मेद्वार हुनुहुन्छ।

# पोउवा संघको सहयोगमा पोखरा रंगशालाभित्र खानेपानी फिल्टर मेसिन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

पोखरा उद्योग वाणिज्य संघले पोखरा रंगशालामा अत्याधुनिक पानी ट्याङ्की (फिल्टर मेसिन) स्थापना गरेको छ। संघले आफ्नो ७२ औं वार्षिकोत्सवको अवसर पारेर जिल्ला खेलकुद विकास समितिमार्फत् सो पानी ट्याङ्की निर्माण गरेको हो।

सोमबार नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले सो पानी ट्याङ्कीको अनावरण गरे। अनावरणसँगै करिब १ लाख ५० हजारको लागतमा निर्मित सो पानी ट्याङ्की जिल्ला खेलकुद विकास समिति कास्कीलाई हस्तान्तरण गरिएको संघका अध्यक्ष गोकर्ण कार्कीले जानकारी दिए। अध्यक्ष कार्कीका अनुसार पानी फिल्टर मेसिन बहुस्तरीय शुद्धीकरण प्रणालीयुक्त रहेको छ। सेडिमेन्ट फिल्टर, कार्बन फिल्टर र यूभी प्रणाली जडान गरिएको यो मेसिनबाट निस्कने पानी जीवाणुरहित, सुरक्षित र पिउनयोग्य हुनेछ। मेसिनबाट तातो र चिसो पानी आउने र फिल्टरले पोखरा रंगशालामा आउने खेलाडी तथा





दर्शकहरुलाई स्वच्छ पानी उपलब्ध हुने पनि अध्यक्ष कार्कीको भनाइ छ। अध्यक्ष कार्कीले संघको वार्षिकोत्सवकै अवसर पारेर सो फिल्टर मेसिन रहेकै ठाउँको वरपर व्यक्तिगत लागतमा ५ वटा फलामे बेन्चसमेत प्रदान गरेका छन्। फिल्टर मेसिन हस्तान्तरण कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले सामाजिक उत्तरदायित्वअन्तर्गत गरिएको यस्ता सहयोगले खेलकुदको विकासमा सघाउने बताए। खेल क्षेत्रको विकासमा निजी क्षेत्रको सहकार्य आवश्यक भएको पनि उनको भनाइ थियो।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखराको जेठो संस्था पोउवा संघको ७२औं स्थापना दिवसको अवसरमा खेल क्षेत्रलाई सहयोग गर्न पाउँदा गौरव महसुस भएको बताए। जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङले सहयोगका लागि आभार व्यक्त गर्दै यसले खेलाडीलाई प्रत्यक्ष लाभ पुग्ने बताउँदै आगामी दिनमा समेत सहकार्यका लागि आग्रह गरे। संघका उपाध्यक्ष बलराम आचार्यको धन्यवाद ज्ञापन तथा संघकी महासचिव शोभा गौतको संचालनमा सो कार्यक्रम सम्पन्न भएको थियो। संघकी महासचिव गौतमका अनुसार सो फिल्टरले एक पटकमा ६ हजार लिटर पानी शुद्ध बनाउँछ।

# कास्कीमा चुनावी सुरक्षा प्रबन्ध चुस्त

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण र भयरहित बनाउन कास्कीमा सुरक्षा प्रबन्ध चुस्त पारिएको छ।

मतदानको दिन नजिकिँदै गर्दा सुरक्षाका दृष्टिबाट कुनै कमी हुन नदिन एकीकृत निर्वाचन सुरक्षा योजना लागू गरिएको छ। निर्वाचन सुरक्षाका लागि चारवटै सुरक्षा निकाय परिचालित गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। जिल्ला सुरक्षा समितिले मतदानस्थललाई अतिसंवेदनशील, संवेदनशील र सामान्यमा वर्गीकरण गरी सुरक्षा विश्लेषणसहित आवश्यक रणनीति तयार गरेको छ। "मतदानस्थलको नियमित अनुगमन भइरहेको छ, सुरक्षा विश्लेषणका आधारमा मतदानस्थलको सुरक्षा प्रबन्धलाई चुस्त र प्रभावकारी बनाइएको उहाँले बताउनुभयो। नेपाली सेना, नेपाल प्रहरी, सशत्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागको जनशक्ति निर्वाचनको सुरक्षामा खटिएको सहायक प्रजिअ बरालले बताउनुभयो। जिल्लामा रहेका तीनवटा निर्वाचन क्षेत्रमा नेपाली सेनाले तीनवटा सुरक्षा बेस स्थापना गरी सुरक्षा निगरानी बढाएको छ। सशस्त्र प्रहरी बलले पनि सुरक्षा बेस खडा गरी निर्वाचन सुरक्षार्थ परिचालित गरिएको हो। नेपाली सेनाबाट चार सय बढी र सशत्र प्रहरी बलबाट करिब पाँच सय जनशक्ति निर्वाचनमा परिचालित गरिएको जिल्ला सुरक्षा समितिले जनाएको छ। पाँच सय बढी नेपाल प्रहरी र दुई हजार ३०३ जना निर्वाचन प्रहरी खटिने सहायक प्रजिअ बरालले बताउनुभयो। जिल्लामा एक महिनाअघि नै निर्वाचन केन्द्रित सुरक्षा योजना तयार गरी कार्यान्वयन गरिएको थियो। निर्वाचन सुरक्षालाई दृष्टिगत गरी सुरक्षा निकायले नियमित गस्ती र सुरक्षा निगरानी बढाइरहेका छन्। पोखरा महानगरपालिकामा नेपाल प्रहरीका चार जना प्रहरी निरीक्षकको कमाण्डमा मोबाइल टोली परिचालन गरिएको जनाइएको छ। अन्य चार स्थानीय तहमा एक जना प्रहरी निरीक्षकको कमाण्डमा नेपाल प्रहरीको मोबाइल टोली खटाइएको छ। एकीकृत निर्वाचन सुरक्षा योजनाबमोजिम नेपाल प्रहरी मतदानस्थलको भित्री घेराको सुरक्षामा खटिने सहायक प्रजिअ बरालले बताउनुभयो। नेपाली प्रहरीसँगै निर्वाचन प्रहरी पनि पहिलो तहको सुरक्षा घेरामा परिचालित हुने उहाँको भनाइ छ। दोस्रो तहको सुरक्षा घेरामा सशत्र प्रहरी बल र सुरक्षा घेराको बाहिरी तहबाट नेपाली सेनाले सुरक्षा प्रदान गर्ने जनाइएको छ। कास्कीका तीनवटा निर्वाचन क्षेत्रबाट ४९ उम्मेदवार चुनावी मैदानमा छन्। कास्की-१ मा १७, २ मा पनि १७ र ३ नं क्षेत्रमा १५ जना उम्मेदवार छन्। १५३ मतदानस्थल रहेको कास्कीमा गण्डकी प्रदेशकै सबैभन्दा बढी तीन लाख आठ हजार ५७२ मतदाता छन्।


## Embassy of India
## Pension Paying Office
## Rambazar, Pokhara (Nepal)

**REPAIR AND RENOVATION OF WORKS OF THE EOI, PPO POKHARA FOR THE FY 2025-2026**

1. Sealed tender documents/ quotations are invited from reputed bidders for the following repair/ maintenance works of EoI, PPO Pokhara :-
   1.1. Repair & upgradation of Gorkha War Memorial of EoI, PPO Pokhara.
2. The last date of receipt of offer in sealed envelope (Technical Bid and Financial Bid) separately in each work is on or before 02 Mar 2026 up to 1700 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in, The bid documents to be downloaded from Embassy of India, Kathmandu, Nepal website under Tender Notices. Tele No 061-434240 /061-435804/061-435805.
3. Bidders may visit the proposed work site before submitting their bids.

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**


## धादिङ ...

विभागका महानिर्देशक तथा यातायात व्यवसायी र मजदुर सङ्घलगायत मन्त्रालयका पदाधिकारीहरूको उपस्थितिमा बसेको बैठकले उक्त निर्णय गरेको हो। कार्यदललाई बस दुर्घटनाको सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेस गर्न भनिएको छ। उहाँका अनुसार उक्त दुर्घटनामा बसमा सवार ४४ जना यात्रुमध्ये १९ जनाको मृत्यु तथा २५ जना घाइते भएका छन्। घटनाको जानकारी प्राप्त हुनासाथ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाललगायत स्थानीय बासिन्दाको समन्वयमा घटनास्थलमा उद्धारकार्य तदारुकताका साथ अगाडि बढाइएको मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ। दुर्घटनामा ज्यान गुमाउनेको शव नदीबाट निकालिएको एवं मृतकको सनाखत प्रक्रिया जारी रहेको, घाइतेहरूलाई तत्काल उद्धार गरी उपचारका लागि विभिन्न अस्पतालहरूमा पठाइसकिएको र प्रभावकारी उपचारका लागि सम्बन्धित निकायहरूसँग समन्वय भइरहेको प्रवक्ता काफ्लेले बताउनुभयो। मन्त्रालयले दुर्घटनामा परी ज्यान गुमाउने मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै मृतकका परिवार र आफन्तजनमा गहिरो समवेदना प्रकट गरेको छ। यस्तै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरिएको छ।

## फेवातालको ...

मानिएको छ। वर्षायाम आउनुअघि नै सफाइ सुरु गरिएकाले तालमा जलकुम्भी फैलिन नदिने लक्ष्य राखिएको छ।

यसैबीच, वातावरण संरक्षणका लागि महाअभियान कास्कीको पूर्वतयारी बैठक तथा नागरिक जागरण कार्यक्रम मार्फत 'फेवाताल आपतकालीन सफाइ कोष' स्थापना गरिएको छ। कार्यक्रम संयोजक रामबहादुर पौडेलले व्यक्तिगत रूपमा ५० हजार रुपैयाँ प्रदान गरी कोष स्थापना गर्नुभएको हो। त्यसैगरी रेवान पोखराका पूर्वअध्यक्ष एवं माउन्ट कैलास रिसोर्टका संचालक नरेश बहादुर भट्टराईले ५१ हजार ५ सय रुपैयाँ, पोखरा भ्रमण वर्ष २०२६ का संयोजक गोपी भट्टराईले २५ हजार ५ सय रुपैयाँ तथा एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले २५ हजार रुपैयाँ सहयोग गर्नुभएको छ। डिभिजन वन कार्यालय कास्की र जलारी समुदायबीच ज्याला वापत ३ लाख रुपैयाँ सहयोग सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ। कार्यक्रममा विभिन्न संघसंस्था, महिला सञ्जाल, आमा समूह तथा पर्यटन व्यवसायीहरूको उपस्थिति रहदै आएको छ। पौडेलले हालै सम्पन्न ६५ मिटर सिमांकनपछि फेवाताल संरक्षण र सौन्दर्यकरणका कामलाई तीव्रता दिन पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार र संघीय सरकारलाई आग्रह गर्नुभएको छ। दुई दशकदेखि फेवाताल संरक्षण अभियानमा सक्रिय रहँदै आउनुभएका पौडेलले प्रत्येक महिनाको ३ गते बिहान ताल सरसफाइ गर्ने नियमित अभियानलाई निरन्तरता दिइने बताउनुभयो। अभियानले समयमै मुहान क्षेत्र सफा गरी फेवातालको दीर्घकालीन संरक्षणमा टेवा पुग्ने विश्वास गरिएको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

**छाला तथा यौन रोगहरूका लागि**
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनाबारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
**डा. बिनोद मिश्रा**
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
**डा. राजिव घिमिरे**
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
**डा. सुरेश पुर्वे**
महिनाको प्रत्येक दिन

**उपचार गर्ने रोगहरु :-**
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# निर्वाचन आयोगको सक्रियता आवश्यक

मतदान हुन १० दिन मात्र बाँकी छ । निर्वाचनमा प्रचारप्रसारको लागि एक साता मात्र समय छ।४८ घण्टा मौन अबधि हुन्छ। अन्योल हट्दै देश निर्वाचन संघारमै आइपुगेको छ। दल र उम्मेदवारहरू प्रचारमा व्यस्त छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताले दाङमा एमालेको झण्डा जलाएपछि त्यसले मुठभेडको स्थिति सिर्जना गर्न खोजेको थियो। एमालेका कार्यकर्ता सडकबाट खबरदारी गरे। स्थानीय प्रशासनले पनि झण्डा जलाउनेलाई पक्राउ गरेको छाएमालेले संयम भएर परिस्थितिलाई भड्काउन दिएन । निर्वाचन आयोगले झण्डा जलाएकोमा स्पष्टीकरण मागेर रास्वपालाई उदण्ड नबन्न संझाएको छादलको झण्डा जलाउने , मुत्न लगाउने, झण्डा झिकेर फाल्ने जस्ता अराजनीतिक गतिविधि रास्वपाबाट भएका समाचार सामाजिक संजालमा आएका छन । यस्ता गतिविधिले द्वन्द्व बढाउने काम गर्छ।झगडाको बिउ ठूलो चाहिँदैन ।समाजमा सद्भाव कायम गर्न, शान्ति कायम गर्न धेरै मेहनत गर्नुपर्छ। बिगार्न केही चाहिँदैन कुनै निहुँ भए पुग्छ। निर्वाचनको समय झन संवेदनशील हुन्छायस्तो बेला सबै दल र नेता बढी जिम्मेवार बन्नुपर्छ।

निर्वाचनमा प्रतिनिधि छान्न केवल मत हाल्ने प्राविधिक कुरा होइन। यसको प्रक्रिया पनि स्वच्छ र स्वस्थ हुनुपर्छ। तर, निर्वाचनका खेलाडीहरू नै अस्वस्थ प्रतिस्पर्धामा उत्रिए भने त्यसले निर्वाचनको वातावरण धमिलो बनाउँछ। दाङ , सुनसरीको घटनाले निर्वाचनको वातावरण धमिलो पारेको छ। निर्वाचन भनेको उत्तेजना र आवेगले गरिने प्रतिस्पर्धा हुनुहुँदैन। विचार र एजेन्डाका आधारमा प्रतिस्पर्धा हुनुपर्छ। नेताहरूको अभिव्यक्ति र क्रियाकलाप भड्काउने खालको हुनुहुँदैन । लोकतन्त्रमा विचारको विविधतामा हुन्छ । मतभेदहरू हुन्छन् तर मुठभेड हुनुहुँदैन। झण्डा कुनै दलको चिह्न वा प्रतीकमात्र होइन। यो त्यो दलमा आबद्ध लाखौं नागरिकको आस्था हो। कसैको आस्थामाथि आगो झोस्नु कदापि लोकतान्त्रिक शैली हुन सक्दैन। अर्काको विचार र अस्थाको पनि सम्मान गर्नुमात्रै लोकतान्त्रिक चरित्र हो। निर्वाचन आफ्नो पक्षमा पार्नकै लागि जुन भय सिर्जना गरियो, त्यसले अलोकतान्त्रिक र अराजक शैली उजागर गरेको छ।

फ्रान्सेली दार्शनिक भोल्टेयरले भनेका थिए, 'म तिम्रो विचारसँग असहमत हुन सक्छु तर तिम्रो बोल्न पाउने अधिकार रक्षाका लागि म ज्यान दिन तयार छु।' लोकतन्त्रको मर्म भनेको त्यो हो। तर, भर्खरै उदाउँदै गरेको दलमै लोकतान्त्रिक चरित्र नदेखिने हो भने जनविश्वासमा दरार पैदा हुन्छ। लोकतन्त्रको अस्तित्वमाथि नै प्रश्न उठ्ने अवस्था आउँछ। जब विचारको अभाव हुन्छ तब भौतिक प्रतिस्पर्धामा उत्रने मन हुन्छ। जेनजी आन्दोलनको नाममा भएका विध्वंसात्मक गतिविधिले नराम्रो सन्देश प्रवाह भएको छाअहिले छुट पाएको जस्तो ठानेर सधैं उहीँ व्यवहार उचित हुँदैन ।अहिले सक्रिय हुने भनेको निर्वाचन आयोग हो।

निर्वाचन आयोगले आचारसंहिताको डन्डा चलाउनुपर्ने बेला आएको छ। यसै त निर्वाचन बिथोल्ने विभिन्न शक्तिहरू सलबलाइरहेका छन्। यस्तो संवेदनशील समयमा दलहरू आफैं संयमित हुनुपर्छ। अनि, निर्वाचन आयोगले पनि कडाभन्दा कडा कारबाहीका औजार चलाउनुपर्छ। आचारसंहिताको धज्जी उडाएर गरिने निर्वाचनले परिणाम जस्तो दिए पनि वैधताको प्रश्न उठ्छ। आयोगले र सरकारले समेत गम्भीर हुनुपर्ने भएको छ। दण्डहीनताले अराजकतालाई मलजल गर्छ। आज झण्डा जलाउनेलाई कारबाही भएन भने भोलि त्यसभन्दा ठूला अपराध गर्ने साहस पैदा हुन सक्छ। फागुन २१ को निर्वाचनलाई शान्तिपूर्ण र भयरहित बनाउन निर्वाचन आयोगको सक्रियता आवश्यक छ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : शारीरिक झमेला | मकर | : आर्थिक समस्या |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# बजेट र जनशक्ति अभावले दोबागाउँ अस्पताल सञ्चालनमा आउन सकेन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ फागुन

शिरानमा छ भिरालो जग्गामा गुजुमुज्ज परेको दोबागाउँ। गाउँको पुछारमा उजाड लाग्दो पाखो छ। पाखोको छेउमै छ पहेँलो रङको पक्की भवन । अनकन्टारजस्तो ठाउँमा आकर्षक देखिने त्यो भवन दोवाको पालिकास्तरीय अस्पताल भवन हो।

विसं २०७८ मा निर्माण सम्पन्न भएको त्यो भवन बाहिर हेर्दा चिटिक्कको देखिए पनि भित्र खण्डहरजस्तै बनेको छ। कारण हो- अस्पताल सञ्चालनमा आउन नसक्नु । निर्माण सम्पन्न भएको चार वर्ष बितिसक्दा पनि पाँच शय्या क्षमताको सो अस्पतालमा न उपकरण आए, न त चिकित्सक नै । अहिले करोडौं रुपैयाँ खर्च गरेर बनाएको सो भवन अलपत्र अवस्थामा छ। उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ मा पर्छ दोवागाउँ । अस्पताल भवनबाट गाउँमा पुग्न गाडीमा १५-२० मिनेट लाग्छ । गाउँदेखि टाढा अपायक ठाउँ । न राम्रो सडक न व्यवस्थित बस्ती । सङ्घीय सरकारको सबै पालिकामा आधार भूत तहको अस्पताल सञ्चालन गर्ने नीतिअनुरुप स्थानीयवासीले जग्गादान दिएर निर्माण गरिएको सो अस्पताल दोवावासीका लागि अहिले 'कागलाई बेल पाक्यो हर्ष न विस्मात' भनेझैँ भएको छ।

बजेट अभाव र जनशक्ति व्यवस्थापन नहुँदा अस्पताल भवन प्रयोगमा आउन नसकेको अन्नपूर्ण गाउँपालिका-१ दोवाका वडाध्यक्ष दिलीपकुमार गर्बुजाले बताउनुभयो। वडाध्यक्ष गर्बुजाका अनुसार चार वर्ष अगाडि निर्माण सम्पन्न भएको पाँच शय्याको पालिकास्तरीय अस्पतालको भवन उपकरण, चिकित्सकसहितको जनशक्ति व्यवस्थापनमा तीनै तहको सरकारको ध्यान नपुग्दा अलपत्र अवस्थामा पुगेको हो । बाह्र रोपनी सात आना दुई दाम क्षेत्रफल रहेको अस्पताल रविना-अमित जेभीले रु पाँच करोड १२ लाख ६० हजार ६५२ मा ठेक्का लिई निर्माण गरेको अध्यक्ष गर्बुजाले बताउनुभयो । अस्पताल निर्माण गर्न स्थानीय सात व्यक्तिले १२ रोपनी सात आनाभन्दा बढी जग्गा निःशुल्क उपलब्ध गराउनुभएको गर्बुजाले बताउनुभयो। अस्पतालमा अपाङ्गमैत्री भवनमा आकस्मिक कक्ष, अन्तरङ्ग, बहिरङ्ग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डार कोठा, उपचारका लागि छुट्टाछुट्टै कक्ष र स्वास्थ्यकर्मी निवास सहित ३५ कोठा छन्। अस्पताल भवन बनेर पनि सञ्चालनमा आउन नसकेपछि सामान्य बिरामी पर्दा पनि उपचारका लागि बेनी धाउनुपरेको अन्नपूर्ण गाउँपालिका-१ दोबाकी मनसरा गर्बुजाले गुनासो गर्नुभयो । पाँच शय्या क्षमताको भूकम्पप्रतिरोधी भवन निर्माण भए पनि प्रदेश र सङ्घीय सरकारले आवश्यक स्रोतसहितको जनशक्ति व्यवस्थापन गर्न नसकेको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भरत पुनले बताउनुभयो।

# सबलाइम माविको ३० औँ वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन



शनिवार बिहानैदेखि न्युर ोडमा एकलाइन सवारी साधनको लहर देखिन्थ्यो । साधनबाट ओर्लँदै शिक्षासेवी सबै पोखरा सभागृहको विशाल हलमा प्रवेश गर्दै थिए । हल शिक्षाप्रेमीले भरिएको थियो। मञ्चमा सुनौलो भविष्य कोर्ने सपना बोकेका विद्यार्थी थिए भने दर्शकदीर्घामा रङ्गीचङ्गी पोशाकमा सजिएका विद्यार्थी, शिक्षक र अभिभावकहरू । जता हेरे पनि बेग्लै उत्साह र उमंग देखिन्थ्यो। ती सबै दृश्य पोखरा महानगरपालिका वडा नं. ७, रत्नचोकस्थित सबलाइम माध्यमिक विद्यालयको ३०औँ वार्षिकोत्सवका थियो।

औपचारिकतामा मात्र सीमित नरही वार्षिकोत्सव विद्यार्थीहरूको प्रतिभा देखाउने खुला मञ्च बनेको थियो। कहिले मौलिक लोकधुन त कहिले आधुनिक संगीतको तालमा विद्यार्थीहरूले प्रस्तुत गरेको नृत्य र गायनले सभागृहमा उपस्थित सयौँ अभिभावक र अतिथिहरूलाई मन्त्रमुग्ध बनायो । कलिला नानीबाबुहरूको प्रस्तुति देख्दा लाग्थ्यो सबलाइम केवल पढाउने ठाउँ मात्र होइन, कला र संस्कृति सिकाउने एउटा पाठशाला पनि हो । कार्यक्रमको सबैभन्दा गर्विलो क्षण त्यो थियो, जब शैक्षिक मैदानमा अब्बल साबित भएका विद्यार्थीहरू मञ्चमा उक्लिए । विद्यालयका २०८२ सालको बीएलई परीक्षामा सर्वोत्कृष्ट नतिजासहित ४ जीपीए ल्याउने दुई जनालाई नगद पाँच हजार रुपैयाँ, दोसल्ला प्रदान गरियो। साथै २०८१ को एसईई र २०८२ को कक्षा १२ उत्तीर्ण विद्यार्थीहरूलाई समेत सम्मान गरिएको थियो । विद्यालयका प्राचार्य पुष्पराज पराजुलीले उपस्थित सबैलाई स्वागत गर्दै भने, "आज हाम्रो कार्यक्रम केवल औपचारिक समारोहको साक्षी मात्र होइन, मेहनत, सपना र सफलताको उत्सव हो।" उनले थपे, "हामी प्रविधिमैत्री र अनुसन्धानमुखी शिक्षामार्फत चरित्रवान, जिम्मेवार र सक्षम नागरिक निर्माण गर्ने लक्ष्यसहित अघि बढिरहेका छौँ।"कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. ७ का वडा अध्यक्ष राममोहन आचार्य, राष्ट्रिय परीक्षा बोर्ड परीक्षा व्यवस्थापन कार्यालय गण्डकी प्रदेशकी उपसचिव ईश्वरी शाह पाण्डे, कास्की प्याब्सनका अध्यक्ष षडानन्द गौतम लगायतले शिक्षाको महत्वबारे चर्चा गरेका थिए । प्याब्सन कास्कीका निवर्तमान अध्यक्ष मथुरा पौडेल लगायतले पुरस्कार वितरण कार्यक्रममा सहभागिता जनाएका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं संस्थापक निर्देशक त्रिभुवन पराजुलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कक्षा ९ मा अध्ययनरत छात्र आयुष ज्ञवाली लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन विद्यालयका नेपाली विभाग प्रमुख कमलापत्ती शर्माले गरेका थिए।

# प्रादेशिक अस्पतालमा 'डिजिटल मेडिकल रेकर्ड' प्रणाली लागू

**पोखरापत्र संवाददाता**
दमौली, ११ फागुन

सदरमुकाम दमौलीस्थित प्रदेश अस्पतालमा 'डिजिटल मेडिकल रेकर्ड' तथा जाँच प्रक्रिया सुरु गरिएको छ । अस्पतालले सेवासुविधा थप गर्ने क्रममा सम्पूर्ण बिरामीहरूको मेडिकल रेकर्ड र जाँच प्रक्रिया कम्प्युटर प्रविधिमार्फत सञ्चालनमा ल्याएको हो।

नयाँ प्रणाली कार्यान्वयनको प्रारम्भिक चरणमा रहेकाले बिरामी तथा स्वास्थ्यकर्मीहरूलाई यससम्बन्धी तालिम प्रदान गर्ने कार्य निरन्तर भइरहेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कमलामोहन वाग्लेले जानकारी दिनुभयो । सोही कारण सेवा प्रवाहमा केही ढिलासुस्ती तथा झन्झट हुन सक्ने उहाँले बताउनुभयो । डिजिटल प्रणाली लागू भएसँगै बिरामीहरूको सम्पूर्ण मेडिकल रेकर्ड कम्प्युटर प्रणालीमा सुरक्षित रहने र आगामी दिनहरूमा कागजी प्रक्रियाबाट हुने झन्झट न्यून हुँदै जाने अपेक्षा गरिएको उहाँको भनाइ छ । वाग्लेले भन्नुभयो, "यो प्रणालीले सबै बिरामीको विवरण एक क्लिकमा हेर्न सकिनेछ। यसले सेवा प्रवाहमा समेत सहजता ल्याउनेछ।" अस्पतालमा तनहुँ, लमजुङ, गोरखा, कास्कीबाट समेत बिरामी सेवा लिन आउने गरेका छन् । विसं २०३४ मा स्वास्थ्यचौकीका रूपमा स्थापना र विसं २०५५ सालमा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको यस अस्पताल विसं २०५९ मा अस्पतालका रूपमा स्तरोन्नति भएको थियो। अस्पतालमा फोहोरपानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि अटोक्लेप्ससहितको भवन निर्माण, आँखा विशेषज्ञसहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, यनेस्थेसिया सेवा, भेन्टिलेटरसहित आइसियु कक्ष, अत्याधुनिक ल्याब सेवा, डिजिटल एक्स-रे, निःशुल्क औषधि कक्षलगायतका सेवा विस्तार भइसकेको छ।

# हिउँ पन्छाएर नार्पाभूमि जाने बाटो खुलाइयो

**पोखरापत्र संवाददाता**
मनाङ, ११ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचन आउन अब ११ दिन मात्र बाँकी छ । हिमाली जिल्ला मनाङको विकट क्षेत्रमा हिमपातका कारण सबै मतदान केन्द्र तथा गाउँसम्म पुग्ने बाटो खुलाउन सकिएको छैन। हालसम्म सडक सञ्जालको पहुँच नपुगेको मनाङको नार्पाभूमि गाउँपालिका जाने बाटोमा पनि बाक्लो हिउँ जमेको थियो।

हाल उक्त हिउँ पन्छाएर बाटो खुलाइएको छ । आसन्न निर्वाचनको तयारीका लागि तीनै तहका सुरक्षाकर्मीको टोलीले पाँच दिन खटिएर यहाँको हिउँ पन्छाएको प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले जानकारी दिनुभयो । मौसमबाहेक मनाङमा अन्य चुनौती नरहेको उहाँले बताउनुभयो। "हामीलाई अप्ठ्यारो भयो भने मौसम नै हो। प्राकृतिक समस्याबाहेक मानव सिर्जित समस्या छैन", उहाँले भन्नुभयो, "तोकिएकै समयमा निर्वाचन गर्ने तयारीमा छौँ । अन्य कारणले चुनाव रोकिने छैन।" नार्पाभूमिका पाँच वडामा ४८८ मतदाता छन्। बाटो खुले पनि गाउँले गाउँ फर्किएका छैनन् । जाडो छल्न काठमाडौँ, पोखरा बैंसी झरेका अधिकांश मतदाता फर्किने क्रममा रहेको पौड्यालले बताउनुभयो । "अहिले गाउँमा चौँरी गोठाला र केही ज्येष्ठ नागरिक मात्रै हुनुहुन्छ। काठमाडौँ बस्ने मतदाता १४/१५ गतेतिर गाउँ फर्किने जानकारी प्राप्त भएको छ", उहाँले भन्नुभयो, "गाउँले नहुँदा हामी पनि जान सक्ने अवस्था छैन। गाउँले फर्किएपछि जाने तयारीमा छौँ ।" निर्वाचन कार्यालयका प्रमुख निर्वाचन अधिकारी जीवन कुँवरले मतदान अधिकृत र सहायक कर्मचारीलाई तालिम दिएपछि सुरक्षा घेरासहित मतपत्र र मतपेटिका सम्बन्धित मतदान केन्द्रमा पठाउने तयारी भएको उहाँले जानकारी दिनुभयो। नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोञ्जो तेन्जिङ लामाले मतदातालाई गाउँ फर्काउन प्रयास भइरहेको जानकारी दिनुभयो।

**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**मातृशिशु मितेरी प्रादेशिक अस्पताल**
**पोखरा, कास्की**

## बोलपत्र रद्द गरि पुन बोलपत्र आव्हान गरिएको सूचना

आ.व.२०८२।०८३ मा यस मातृशिशु मितेरी अस्पतालको लागि आवश्यक रसायन तथा रियजेन्ट तथा प्रयोगशाला सम्वन्धी सामाग्री खरिदको लागि मिति २०८२/०९/२४ (January 8 2026 ) मा पहलो पटक विधुतीय खरिद प्रणालीमा बोलपत्र अव्हान गरिएकोमा तोकिएको म्याद भित्र पेश हुन आएका तपशिल बमोजिमका बोलपत्रहरु परीक्षण तथा मूल्यांकन गर्दा बोलपत्र सम्वन्धी कागजातमा संलग्न खरिद सम्झौताका शर्त अनुरुप कुनै पनि बोलपत्र सारभुत रुपमा प्रभावग्राही नभएकोले सार्वजानिक खरिद ऐन २०६३ को दफा २६ को १ (क) बमोजिम सम्पुर्ण बोलपत्र रद्द गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकासन गरिएको छ। साथै रद्द गरिएका बोलपत्रको मिति २०८२/११/१२ मा दोस्रो पटक पुनः विधुतीय खरिद प्रणालीमा बोलपत्र अवहान गरिएको छ। बोलपत्र आव्हान सम्वन्धी बिस्तृत जानकारीका अस्पतालको वेभसाईट https://mmph.gandaki.gov.np तथा e-GP पोर्टल बाट प्राप्त गर्न सकिने छ।

**तपशिल**

**FOR CONTRACT ID : MMPH/NCB/G/01/2082-83**

| Pacakage | Contract name / Package Name | IBF NO/ Package No. | Bid Cost NRs. | Bid security NRs. | Cost estimate without VAT NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| C | Procurement of Lab Chemicals | MMPH/NCB/G/01/2082- 83/C | 3000 | 31000 | 1168500 | For WONDFO FINECARE |
| D | Procurement of Lab Chemicals | MMPH/NCB/G/01/2082- 83/D | 3000 | 33000 | 1246290 | For liftonic GH- 900 (HPLC) |
| H | Procurement of Lab Chemicals | MMPH/NCB/G/01/2082- 83/H | 3000 | 37000 | 1413562.80 | |
| I | Procurement of Lab Chemicals | MMPH/NCB/G/01/2082-83/I | 3000 | 20000 | 737850 | CBS-400/ ERMA |

मेडिकल सुपरिटेन्डेन्ट

# एमालेलाई कमजोर पार्ने दिवा सपना नदेख्दा हुन्छ, हामी एक ढिक्का भएर चुनावमा होमिएका छौं - उम्मेदवार रश्मि आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन



ने क पा ( एमाले ) कास्की क्षेत्र न २ का उम्मेदवार रश्मि आचार्यले एमालेलाई कमजोर पार्ने दिवा सपना नदेख्न र एक ढिक्का भएर चुनावमा होमिएको बताएका छन ।

कास्कीमा केन्द्रीय सदस्य एवं जिल्ला इन्चार्ज कृष्ण थापाको नेतृत्वमा चुनावी अभियानमा रहेको उल्लेख गर्दै नले आफ्नो पार्टीका नेता कार्यकर्ता र कास्की दुई बासिको भरपर्दो र अग्रज नेताहरूको रहरलाग्दो साथले आफ्नो बिजय सुनिस्चित भैसकेको बताए । कास्की क्षेत्र न दुईमा एमाले कमजोर भएको भन्ने निराधार हल्लालाई भेटघाटको क्रममा क्षेत्रबासिको असिम माया र प्रेरणाले असत्य साबित गरिसकेको भन्दै उम्मेदवार आचार्यले जनसाथले नै आफ्नो बिजय यात्रा घनिभुत हुँदै गरेको दाबी गरे। एमाले एकजुट भएर चुनावी मैदानमा छ । कसैले हल्ला फैलाउदैमा एमाले कमजोर बन्दैन । भारी मतका साथ जित्नेमा ढुक्क छु।

युवा पुस्ताको भावना समेट्दै सम्बृदिको बाटोमा एमाले लम्केको छ । रहेका छौ उनले भने । आफ्नो स्पस्ट योजना र समृद्धिको खाका लिएर जनता समक्ष पुगेका उम्मेदवार आचार्यले सोमबार पोखरा महानगर पालिका वडा न ११ मा उक्त कुरा बताएका हुन । एमाले सधैं बिचार,योजना र जन अपेक्षा मुताबिक चल्ने पार्टी भएको हुँदा कास्की क्षेत्र न २ का जनताको चाहना अनुसार आफू उम्मेदवार बनेको स्मरण गर्दै जस्ता जुकै अफबाह र हल्लाहरू फिजाइए पनि तपाइहरूको यो प्रचुर मायाले सबै हल्ला गलत साबित भएका छ्न उनले थपे । कास्की क्षेत्र न २ को मध्यभागमा रहेको सुन्दर पर्यटनको केन्द्रको रूपमा बिकसित हुदै गरेको काहु डाडा अब उत्तरतिरको भाग र दक्षिणतिरको भागलाई जोड्ने " "लिन्किङ हिल" बनाउनु पर्छ आचार्यले भने ।सान्स्कृतिक र धार्मिक पर्यटनको बिकास ,बिस्तार र प्रचारमा काहु सहित पोखरा एघारको क्षेत्र विशेष बन्न सक्ने भन्दै आचार्यले बिकासको गति प्रभाबकारी र परिणाममुखी बनाउन आफू कटिबद्धताका साथ लाग्ने उल्लेख गरे ।

# निष्ठाको राजनीति र विकासको भिजन बोकेका तिलक रानाभाट

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन



उज्यालो र फराकिलो निधार । गहुँगोरो वर्णको अनुहारमा सधैँ छाइरहने मन्द मुस्कान । पहिलो पटक भेट्दा नै जो-कोहीलाई पनि आफ्नो शालीन व्यक्तित्वले प्रभाव पार्न सक्ने क्षमता छ तिलक रानाभाटसँग । बाहिरी आवरणमा जति सभ्य र भद्र देखिन्छन्, भित्री रूपमा उनी उत्तिकै दृढ इच्छाशक्तिले भरिएका र पढे-लेखेका बौद्धिक व्यक्तित्व हुन् तिलक । लामो समयदेखि नेपाली कांग्रेसको राजनीति र समाजसेवामा सक्रिय रानाभाटको परिचय केवल एक राजनीतिक कार्यकर्तामा मात्र सीमित छैन । उनीसँग विश्व देखेको र बुझेको फराकिलो अनुभव पनि छ । राजनीतिमा प्रायः पद र शक्तिको होडबाजी चलिरहँदा तिलक भने निष्ठा र इमान्दारिताको राजनीतिमा विश्वास गर्छन् । उनका नजिकका साथीभाई र शुभचिन्तकहरू उनलाई 'बोलेको कुरा पूरा गर्ने' र 'स्वच्छ छवि भएका' नेताका रूपमा परिचित छन् । रानाभाटको अनुभवको दायरा नेपालको सीमाभित्र मात्र कैद छैन । उनी एक सफल घुमन्ते र सूक्ष्म पर्यवेक्षक पनि हुन् । उनले विश्वका धेरै देशहरूको भ्रमण गरिसकेका छन् । विशेषगरी, विश्वको समृद्ध र अनुशासित मुलुक जापानमा उनी १० पटकभन्दा बढी पुगिसकेका छन् । जापानको गगनचुम्बी विकास, त्यहाँको प्रविधि, कामप्रतिको सम्मान र समयपालन देख्दा उनको मनमा सधैँ एउटै प्रश्न उठ्थ्यो– "हाम्रो देश नेपाल र कास्कीमा यस्तो विकास कहिले होला?" जापान जाँदा उनले त्यहाँको चमकधमक मात्र हेरेनन्, विकासको सूक्ष्म मोडललाई पनि नजिकबाट नियाले । विदेशमा देखिएको 'विकासको लहर' आफ्नै माटोमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने ज्ञान उनले सँगालेका छन् । उनी भन्छन्, "हामीसँग स्रोत छ, साधन छ, तर व्यवस्थापन र अन्तर्राष्ट्रिय स्तरको भिजनको कमी छ । म त्यही भिजन कास्कीमा लागू गर्न चाहन्छु।" २०२४ साल पुस २ गते कास्कीको मादी गाउँपालिका-३ मा जन्मिएका रानाभाटले कानुन विषयमा स्नातक (बीएल) गरेका छन् । पोखराकै पृथ्वीनारायण क्याम्पसबाट बीएल अध्ययन गरेपछि उनले तीन वर्षसम्म सर्वोच्च अदालतमा अधिकृतका रूपमा सरकारी सेवा गरे । सरकारी जागिरमा जीवन नजमेपछि उनले सेवा छाडेर व्यवसाय र राजनीतिमा सक्रियता बढाए ।

यस अनुभवले उनलाई सरकारी संयन्त्रले कसरी कार्यसम्पादन गर्छ भन्ने कुरा राम्रोसँग बुझ्ने अवसर दियो । रानाभाटको राजनीतिक यात्रा २०४२ सालमा नेपाल विद्यार्थी संघको सदस्यता लिएसँगै सुरु भएको हो । पञ्चायतकालमै विद्यालय जीवनदेखि नै उनी विद्यार्थी संगठन निर्माणमा सक्रिय थिए । पार्टीको ११औँ र १२औँ महाधिवेशनमा क्षेत्रीय प्रतिनिधि तथा १३औँ महाधिवेशनमामहाधिवेशनप्रतिनिधिको जिम्मेवारी निर्वाह गरेका उनले १३औँ महाधिवेशनबाट गठित केन्द्रीय अर्थ समितिको सदस्य र २०७१ सालमा नीति तथा प्रशिक्षण प्रतिष्ठानको सदस्यका रूपमा पनि काम गरिसकेका छन् ।

राजनीतिसँगै वैदेशिक रोजगार व्यवसायीका रूपमा पनि रानाभाटको लामो अनुभव छ । उनले २०६३ साल माघमा नेपाली कांग्रेसको शुभेच्छुक संस्था 'नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन' स्थापना गरी संस्थापक अध्यक्षको भूमिका निर्वाह गरे ।

त्यसैगरी, २०६५ सालमा उनी नेपाल वैदेशिक रोजगार व्यवसायी संघको केन्द्रीय अध्यक्ष बनेर श्रमिक र व्यवसायीको हितमा काम गरेको अनुभव छ रानाभाट सँग । उनी तिलक गार्मेन्ट उद्योगमा समेत आबद्ध छन् । उनले सञ्चालन गरेका प्रतिष्ठानहरूमा ६० जनाभन्दा बढीले रोजगारी पाएका छन् । हाल रानाभाट नेपाली कांग्रेसका तर्फबाट कास्की क्षेत्र नं. १ मा प्रतिनिधिसभा सदस्य पदका लागि चुनावी यात्रामा छन् । जापानदेखि कास्कीसम्मको विकासको भिजन बोकेर उनी मतदातासामु उभिएका छन् ।

# फोहरजन्य वस्तु बिक्री गरी सात महिनामा रु १४ लाख आम्दानी

**पोखरापत्र संवाददाता**
दमौली, ११ फागुन

तनहुँको व्यास नगरपालिकाले फोहरजन्य वस्तु बिक्री गरी चालु आर्थिक वर्षको सात महिनामा रु १४ लाख भन्दा बढी आम्दानी गरेको छ । फोहरका रुपमा सङ्कलन गरी पुनः प्रयोगयोग्य बनाइएका विभिन्न वस्तु बिक्री गरी नगरपालिकाले चालु आर्थिक वर्षको साउनदेखि माघ महिनासम्म रु १४ लाख ५० हजार छ सय ११ आम्दानी गरेको हो ।

नगरपालिकाले फोहरमैला, सिसाजन्य वस्तु बिक्रीबाट उक्त आम्दानी गरेको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो । फोहरमैला व्यवस्थापनको चुनौती खेप्दै आइरहेको नगरपालिकाले घरबाटै फोहर वर्गीकरण गरी सङ्कलन गर्न थालेको छ । कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै वर्गीकरण गरी सङ्कलन गर्ने र बिक्री गर्न योग्य फोहर बिक्री गरी आम्दानी गरिएको लम्सालले बताउनुभयो । उहाँले भन्नुभयो, "एकैठाउँमा सबै फोहर सङ्कलन गर्दा समस्या हुने भएकाले कुहिनेलाई छुट्टै गाडीमा र नकुहिनेलाई छुट्टै गाडीमा सङ्कलन भइरहेको छ ।" फोहर बिक्री गरी आम्दानी हुन थालेपछि नगरपालिकालाई आन्तरिक स्रोत वृद्धिमा सहयोग पुगेको लम्सालले बताउनुभयो ।

व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले फोहर उठाउँदादेखि नै कुहिने र नकुहिने फोहर छुट्याउने र नकुहिने फोहरभित्र पनि विभिन्न सिसा, प्लास्टिक, कागज जस्ता चिजहरू छुट्ट्याएर त्यसलाई मेसिनले कम्प्रेस गरी आम्दानी गर्न थालिएको बताउनुभयो । नगरपालिकाले नगरभित्रका प्रत्येक टोल, वडा, विद्यालयमा पुगेर फोहर वर्गीकरणका उपाय सिकाएको छ । नगरपालिकाले कार्यालय परिसरभित्र नकुहिने फोहरमध्येबाट कागज, सिसा, प्लास्टिकजन्य फोहरहरु छुट्याएर बिक्री गरिरहेको छ। ३२ वर्षसम्म पनि फोहरमैला व्यवस्थापनको स्थायी समाधान गर्न नसकिएको बताउँदै न्यौपानेले भन्नुभयो, "विगतको मेरो कार्यकालमा पनि प्रयत्न गर्दा गर्दै समस्या आयो । जग्गा व्यवस्थापनका लागि नगरपालिका लागिरहेको छ ।" नगरपालिकाले कुहिने फोहरलाई भने दुम्सीस्थित गौसंरक्षण केन्द्रमा व्यवस्थापन गरी त्यहाँबाट बायोग्यास उत्पादन गर्ने काम गरिरहेको छ । व्यास नगरपालिकाले बजार क्षेत्रको वडा नं २, ३ र ४ बाट दैनिक रुपमा फोहर सङ्कलन गर्दै आएको छ । नगरपालिकाका बजार क्षेत्रबाट दैनिक ११ टन फोहर सङ्कलन हुने गरेको छ ।

# म्याग्दी नदीमाथि तीन सय तीन मिटर लामो झोलुङ्गे पुल निर्माण सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ फागुन

म्याग्दीको धवलागिरि गाउँपालिका-७ काउसीबोट र वडा नं -४ को बाँसबोट जोड्ने झोलुङ्गे पुल निर्माण सुरु भएको छ ।

सङ्घीयसरकारकोससपेन्सन ब्रिज डिभिजन काठमाडौँले म्याग्दी नदीमाथि ३०३ मिटर लामो झोलुङ्गे पुल निर्माण थालेको हो । डिभिजनसँग गत असारमा ठेक्का सम्झौता गरेको रामकृष्ण-सोमरस जेभीले पुलको संरचना निर्माणलाई तीव्रता दिएको धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले जानकारी दिनुभयो ।

गत असार महिनामा डिभिजन र निर्माण कम्पनीबीच रु एक करोड ६४ लाख १५ हजार २५४ मा ठेक्का सम्झौता भएको थियो । १८ महिनाको ठेक्का अवधि रहेपनि चालु आर्थिक वर्षभित्रनै पुल निर्माण सम्पन्न गरिने निर्माण कम्पनीका प्रतिनिधि प्रवीन सापकोटाले बताउनुभयो ।

काउसीबोट तर्फको संरचना निर्माण अन्तिम चरणमा पुगेको छ । बाँसबोट तर्फ फाउण्डेशन खनेर जग्गा तयार पारिएको छ । संरचना तयार भएपछि लट्ठा तान्ने र स्टिल डेग जडान गरिने निर्माण कम्पनीले जनाएको छ । पुल निर्माण भएपछि धवलागिरि गाउँपालिकाको हिलापोखरी, बाँसबोट, खोरबाङ, सोलवाङ, खारा, खाम्ला, छहरी, खिवाङ, शिवाङ, ताकम, काफलडाँडाका बासिन्दा लाभान्वित हुने भएका छन् । धवलागिरि गाउँपालिका-७ का राजकुमार कोइरालाले पुलले आवतजावतको लागि यात्रा अवधि छोटिनुका साथै पर्यटकीयस्थलको रुपमा विकास हुने अपेक्षा गरिएको बताउनुभयो ।

एक घण्टाको यात्राअवधि पाँच मिनेटमा छोटिने उहाँले बताउनुभयो । बाँसबोटका किसानले उत्पादन गरेको केरा बजारीकरणमा सहज हुने बताइएको छ ।

धवलागिरि गाउँपालिकामा यसअघि गत वर्ष दुई वटा ३०० मिटर भन्दा लामा झोलुङ्गे पुल निर्माण भएको थियो।धवलागिरिगाउँपालिका-६ घाइरीबोट र खाउरीबाङ जोड्ने मराङखोलामा ३६५ मिटर र वडा नं -३ फलियागाँउ र दर जोड्ने दरखोलामाथि ३६६ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको थियो ।

हाल म्याग्दीमा ३०० मिटर भन्दा लामा झोलुङ्गे पुलको सङ्ख्या छ वटा रहेको छ । रघुगङ्गा गाउँपालिका-१ बेग र बादुक जोड्ने बेगखोलामा ३६५ दशमलब ८० मिटर, मालिका गाउँपालिका-७ बिमवाङ र धवलागिरि गाउँपालिका-६ रिख जोड्ने ३५० मिटर, बेनी नगरपालिका-१ रत्नेचौर र बागलुङ नगरपालिका-४ कुडुले जोड्ने ३८८ मिटर र अन्नपूर्ण गाउँपालिका-५ शिख र किन्दु जोड्ने २४४ मिटर लामो पुल निर्माण भइसकेका छन् ।

# हिमालय मावि मौजाको ५४ औँ वार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन




हिमालय माध्यामिक विद्यालयमा, पोखरा - २० , मौजाको ५४ औं वार्षिकोत्सव, अभिभावक दिवश तथा पुरस्कार वितरण कार्यक्रम सोमबार मौजा मा सम्पन्न भएको छ ।

वार्षिकोत्सव समारोहको उद्धाटन गदै प्रमुख अतिथि शिक्षा विकाश तथा समन्वय ईकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले शिक्षक, बिद्यार्थी तथा अभिभावक तीन पक्ष मिलेर मात्र विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न सकीने बताए ।" विद्यालय व्यवस्थापन समिति पनि सधै सतर्क रहँदै समयानुकुल शिक्षाको विकाश गर्न समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्छ " , आचार्यले भने । उनले पछिल्लो समय ग्रामिण क्षेत्रका विद्यालयहरूमा विद्यार्थी संख्या घट्दै गएको औँल्याउँदै यदि विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीको संख्या घटेमा विद्यालयहरु बिच मर्जरको अवधारणा ल्याउने तथा एउटै वडामा रहेका विद्यालयमा गाभिन सक्ने जानकारी गराए । तर उनले यो अवस्था सम्म आउन नदिन विद्यालयहरूमा बिद्यार्थी संख्या बढाउने कार्यक्रम नै ल्याउनु पर्ने उल्लेख गरे । विद्यालयका प्रधानाध्यापक मणिराज परियारले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आफ्नो विद्यालयमा दिनप्रतिदिन विद्यार्थी संख्या घट्दै गईरहेकोमा चिन्ता व्यक्त गरे । उनले बिद्यालयमा बिद्यार्थी रोक्न बिभिन्न प्रयासहरू अवलम्बन गरेपनि घट्ने क्रम नरोकिएको र विद्यार्थी संख्या बढाउन सबैबाट आवश्यक सहयोगको आव्हान समेत गरे । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद गुरुङ्गको अध्यक्षतामा भएको कार्यक्रममा विशेष अतिथि वडानं २० का जनप्रतिनिधि गुञ्जबहादुर गुरुङ, बिरधन रुद्र स्मृति अक्ष्यकोषका संस्थापक खेमबहादुर गुरुङ्ग, माधबप्रसाद पौडेल स्मृति प्रतिष्ठानका संरक्षक रामजी पौडेल, विद्यालय सल्लाहकार समितिका सदस्य एमन गुरुङ, अभिभावक तथा प्रयत्नशिल युवाक्लवका अध्यक्ष भोजबहादुर गुरुङ, लगायतका वक्ता हरुले विद्यालयको शैक्षिक सुधारमा सबै लेहातेमालो र एक्केवद्धता गदै अगाडी बढ्नु पर्नेमा जोड दिएका थिए । शिक्षिका राधा आचार्य सिग्देल र सिताकुमारी गुरुङगले सञ्चालन गरेको कार्यक्रममा शिक्षक प्रेमबहादुर हमाल, बिद्यार्थीहरु एशोदा गुरुङ्ग र लक्ष्मी परियारले स्वागत गरेका थिए । कार्यक्रममा तीन बिषयमा स्नातकोत्तर उतीर्ण भई बिद्यालयको गौरब बढाउन ठूलो भूमिका खेलेको भन्दै विद्यालयका प्र.अ मणिराज परियारलाई विशेष सम्मान गरिएको थियो तेस्तै शिक्षिका शुष्मा गुरुङलाई दिर्घसेवा सम्मान तथा कार्यालय सहयोगी मिलन क्षेत्रीलाई सकृय कार्यालय सहयोगी सम्मान गरिएको थियो । तेसैगरी बिद्यालयको पहिलो एसएलसी ब्याच २०४१ बाट उतीर्ण भूपू विद्यार्थी येरबहादुर गुरुङ , अक्षयकोष संरक्षक सम्मानबाट त्रिलोचन गौतम लगायतलाई पनि सम्मान गरिएको थियो ।

सो अवसरमा विद्यार्थीहरूलाई वार्षिक रूपमा प्रदान गरिने शैक्षिक, खेलकुद, लगाएत विभिन्न अक्षयकोषका पुरस्कारहरू दिईएको थियो । भने बिधार्थीहरुले रमाईला सन्देश मुलक सांगितिक कार्यक्रमहरू प्रस्तुत गरेका थिए ।

# बालबालिकाको प्रयोग नगर्न आयोगको आह्वान

**रासस**
काठमाडौं, ११ फागुन

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा सहभागी राजनीतिक दल वा उम्मेदवारलाई निर्वाचनको प्रचारप्रसारमा बालबालिकाको प्रयोग नगर्न आह्वान गरेको छ ।

आयोगले सोमबार विज्ञप्ति जारी गरी दल वा उम्मेदवारले आफ्नो झण्डा वा निर्वाचन चिह्न बोक्ने कार्य, सांस्कृतिक कार्यक्रम, र्‍याली, अमुक दल वा उम्मेदवारविरुद्धका गतिविधिमा, झण्डा वा निर्वाचन चिह्न अङ्कित भेष्ट/टिसर्ट/लोगोजस्ता चिजहरू प्रदर्शन गर्ने कार्यमा बालबालिकाको प्रयोग नगर्न आग्रह गरिएको हो ।

दल वा उम्मेदवारले आफ्नो चुनावी अभियानका क्रममा बालबालिका सहभागी गराउने गरेको र विद्यालय समयमा विद्यालय नजिकै चुनावी गतिविधिसम्बन्धी कार्यक्रम आयोजना गरी शैक्षिक कार्यमा अवरोध सिर्जना भएका विषयहरूमा उजुरी तथा गुनासो प्राप्त भएको भन्दै त्यस्ता काम नगर्न आयोगले आह्वान गरेको हो ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ट) मा 'निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने' व्यवस्था रहेकाले यस्तो आह्वान गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ । निर्वाचन आचारसंहिताको उल्लङ्घन भएमा आयोगले रु एक लाखसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्दसम्मको कारबाही गर्न सक्ने व्यवस्थासमेत रहेको स्मरण गराइएको छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, काउरे मरुवा मुल कृषि सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः काउरे मरुवा मुल कृषि सडक स्तरोन्नती
ठेगानाः पोखरा-१३
योजना सम्झौता मिति : २०८२/०९/१४ गते
योजना सुरु मितिः २०८२/०९/१५ गते
योजना सम्पन्न हुने मितिः २०८२/११/३० गते
योजनाको कुल लागतः रु. ११,११,१११/-
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,११,१११/-
उपभोक्ता समिति अध्यक्षः दिपक बराल
सम्पर्क नं.: ९८४६०३१२९४
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ४ पुरुषः ३ जना

**काउरे मरुवा मुल कृषि सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-१३**